# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, माघ ५ गते २०४९ साल (अतिरिक्ताङ्क ५५

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ४७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### गुठी संस्थान ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : गुठी संस्थान ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१००१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गुठी संस्थान (दोस्रो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. गुठी संस्थान ऐन, २०३३ को दफा ६ मा संशोधनः गुठी संस्थान ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (२) मा रहेका "वा कर्मचारीहरुको पुनर्गठन गर्न" भन्ने शब्दहरू भिकिएका छन्।

३. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) संस्थानको कार्य सञ्चालनको निमित्त श्री ५ को सरकारले देहायका सदस्यहरु भएको एक सञ्चालक समिति गठन गर्नेछ :-

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति- अध्यक्ष

(ख) प्रतिनिधि, गृह मन्त्रालय (रा.प.प्रथम श्रेणी)- सदस्य

(ग) प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (रा.प.प्रथम श्रेणी)- सदस्य

(घ) प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय (रा.प.प्रथम श्रेणी)- सदस्य

१००२



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) महा-निर्देशक,
मालपोत विभाग- सदस्य

(च) श्री ५ को सरकारले
देशका धार्मिक,
सामाजिक क्षेत्रबाट
मनोनीत गरेका गुठी
सम्बन्धी काममा
अनुभव प्राप्त तीन
जना व्यक्ति- सदस्य

(छ) प्रशासक- सदस्य-सचिव"

४. मूल ऐनको दफा १९क. मा संशोधन : मूल ऐनको दफा १९क. को सट्टा देहायको दफा १९क. राखिएकोछ:-

"१९क. निजी गुठीको लगत : (१) निजी गुठीका गुठीयारले गुठीको लगत तोकिए बमोजिमको ढाँचामा संस्थानमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि संस्थानले व्यक्तिगत वा पारिवारिक रूपमा र सामाजिक हितको लागि राखिएका निजी गुठीको लगत तोकिए बमोजिम छुट्टाछुट्टै राख्नु पर्नेछ।"

५. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछ:-

"२०. निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने : (१) कुनै निजी गुठीको



१००३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाता समेत सबै वा अधिकांश गुठीयारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी बन्दोवस्त र सञ्चालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई बन्दोवस्त र सञ्चालन गर्न सक्नेछ।

(२) व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका निजी गुठी बाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठीयारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिए बमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठियारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोवस्त र सञ्चालन गर्न सक्नेछ।

(३) पशुपति अमालकोट कचहरीमा कूत बुझाउनु पर्ने वा पशुपति गुह्येश्वरीसंग सम्बन्धित सबै खालका गुठीको जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिई बन्दोवस्त र सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल, अचल जायजेथा, देवमूर्ति समेत उपर निजी गुठी वा दाता गुठीयारको भैरहेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता, गुठीयार,



१००४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ।"

६. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) गुठी तैनाथी जग्गा संस्थानले आफै खेती गर्न वा लिलाम बढाबढ गराई दर्ता गरिदिन सक्नेछ।"

(२) उपदफा (२) को खण्ड (ख) मा रहेको "मोहियानीमा" भन्ने शब्द झिकिएकोछ।

(३) उपदफा (२) को खण्ड (ग) मा रहेका "वा उपयुक्त मूल्य दस्तुर लिई" भन्ने शब्दहरु झिकिएका छन्।

(४) उपदफा (३) मा रहेका "मूल्य वा दस्तुर लिई वा" भन्ने शब्दहरु झिकीएका छन् र सोही उपदफाको अन्त्यमा "र २०४६ साल चैत्र २६ गते भन्दा पहिले नै गुठी तैनाथी जग्गामा आफ्नै पूँजी लगाई घर बनाई बसोबास गरिसकेकाको हकमा त्यस्तो घर घडेरी यसै ऐनमा अन्यत्र व्यवस्था गरिए अनुसार मूल्याङ्कन समितिले तोकेको मूल्यको आधारमा निजकै नाममा रैतान नम्बरीमा परिणत गरी दर्ता गर्न सकिनेछ।" भन्ने वाक्यांश थपिएकोछ।

७. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछः-



१००५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर,

(क) गुठीको कुनै निश्चित काम गरे बापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहियानी हक पाउने छैन।

(ख) साबिकदेखि खेती गरी नआएको बाग बगैंचा भएको वा तोकिएको शहर बजारको पर्ति गुठी जग्गामा मोहियानी हक पाउने छैन।"

८. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएकोछः-

"३१. उकास हुन आएको जग्गाको सम्बन्धमाः संस्थानलाई बुझाउनु पर्ने कूत वा अन्य रकम नबुझाई छाडी उकास हुन आएको जग्गा संस्थानले आफैं खेती गर्न वा अन्य कुनै काममा लगाउन सक्नेछ।"

९. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएकोछः-

"३९. गुठी घर वा जग्गा साविक बमोजिम दर्ता हुने : (१) गुठी तैनाथी जग्गा गुठी अधीनस्थ जग्गामा, गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता भएको प्रमाणित हुन आएमा प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय



१००६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुखले त्यस्तो गुठीको घर वा जग्गा साबिकको गुठी तैनाथी जग्गा, गुठी अधिनस्थ जग्गा वा गुठी रैतान नम्बरीमा नै दर्ता गर्न सक्नेछ। त्यसरी दर्ता भइसकेपछि सो घर वा जग्गाको पहिले दर्ता भएको लगत कट्टा हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय उपर पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।"

१०. मूल ऐनमा दफा ४२क. थप : मूल ऐनमा दफा ४२ पछि देहायको दफा ४२क. थपिएकोछः-

"४२क. श्री ५ को सरकारले गुठी जग्गा लिन सक्ने : श्री ५ को सरकारले संस्थानको स्वामित्वमा रहेको गुठी जग्गा सामाजिक कल्याण वा सामुदायिक हितको लागि उपलब्ध गर्न वा गराउन आवश्यक देखेमा व्यवहारिकता हेरी सहुलियत मूल्यमा लिन सक्नेछ।"

११. मूल ऐनको दफा ४६ मा संशोधन : मूल ऐनको दफा ४६ को उपदफा (१) मा रहेका "नगर पञ्चायतले भन्ने शब्दहरुको सट्टा "नगरपालिकाले" भन्ने शब्द राखिएकोछ।

१२. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ मा रहेका "स्थानीय पञ्चायतले" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाले" भन्ने शब्दहरु राखिएका छन्।



9006

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. <u>मूल ऐनमा दफा ६३ग. थप</u>: मूल ऐनको दफा ६३ख.पछि देहायको दफा ६३ग. थपिएको छः-

"६३ग. <u>जिल्ला गुठी सञ्चालन सहयोग समितिः</u> (१) गुठी जग्गाको सुव्यवस्था गर्नको लागि श्री ५ को सरकारले आवश्यकतानुसार जिल्ला गुठी सञ्चालन सहयोग समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१४. <u>खारेजी</u> : मूल ऐनको दफा ६२ र ६२क. खारेज गरिएका छन्।

लालमोहर सदर, मिति २०४९।१०।५।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

१००८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।